# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

०८०/८१

पत्र संख्या :-

चलानी नं. :-

मिति :-२०८०/१०/२४

सुचना नं. ३२

**पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनको ओसारपसारमा सघन निगरानी सम्बन्धमा।**

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्वतको मिति २०८०/१०/२२ च.नं १६२ को प्राप्त पत्रानुसार मिति २०८०/१०/२२ गते श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यूको संयोजकत्वमा बसेको जिल्ला वर्डफ्लु नियन्त्रण समितिको बैठकको निर्णयनुसार बंगुर प्रजातिमा देखा पर्ने **अफ्रिकन स्वाइन फिवर रोग (ASF)** अझै पनि नियन्त्रणमा आईनसकेको र गण्डकी प्रदेशको केहि जिल्लाहरुमा पुन: देखा परिरहेकोले जिवित बंगुर र बंगुरको मासु बाहिर बाट यस पालिका भित्र ल्याउदा **भेटेरिनरी सर्टिफिकेशन तथा प्रयोगशाला प्रमाणपत्र (Lab Certificate) विना ओसारपसार गर्न नदिने** र कुनै पनि ठाँउमा शंकास्पद स्थिति देखापरेमा तुरुन्तै आ-आफ्नो वडा कार्यालय तथा पालिकाको पशु सेवा शाखामा जानकारी गराउन यस पालिकाका सम्पुर्ण जन प्रतिनिधी,नागरिक तथा पशुपन्छी पालक किशानहरुमा अनुरोध गर्दछौ। साथै यस रोगबाट बचन तथा आफ्नो फार्ममा उक्त रोग भित्रिन नदिन तपशिल बमोजिमको रोकथामका उपायहरु अवलम्बन गर्नुहुन समस्त बंगुर/सुंगुर पालक कृषकहरुमा अनुरोध गर्दछौ।

- बंगुर पालन गर्दा खोरमा थुनेर पाल्ने।
- खोरमा अनावश्यक मानिसको आवतजावत रोक्ने।
- बंगुर फार्ममा जैविक सुरक्षाको विधि अवलम्बन गर्ने।
- बाहिरको वथानबाट नयाँ बंगुर ल्याएमा सिधै फार्ममा रहेका बंगुरसँग नमिसाई २१ दिन क्वारेटाईनमा राख्ने र रोग नदेखिएपछि मात्र वथानमा मिसाउने।
- बंगुरको फार्म र फार्म वरिपरि नियमित सरसफाई गर्ने।
- रोग लागेको बंगुरलाई वथानबाट छुट्याएर अलग राख्ने।
- घरपालुवा बंगुरलाई जंगली वंदेलको सम्पर्कमा आउन नदिने।
- सुंगुर/बंगुरलाई होटल रेस्टुरेन्टवाट निस्कने फोहोर खाने कुरा तत्काल बन्द गर्ने वा खुवाउनै पर्ने भएमा राम्ररी उमालेर मात्र खुवाउने।

२०८०/१०/२४

अर्जुन रिजाल

नि. प्रमुख प्रशासकीय अधिकृत